# नौबहिनी गाउँपालिका विकास समिति ऐन, २०७४

गाउँसभाबाट पारित मिति २०७४/१२/१९

**प्रस्तावना:** विकास योजन र विकास कार्यहरुलाई शीघ्र र सुचाररुपले कार्यान्वित गर्न उचित व्यवस्था गर्नु पर्ने आवश्यक देखिएकोले नौबहिनी गाउँपालिका गाउँ सभाबाट यो ऐन बनाई जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम " नौबहिनी विकास समिति ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन नौबहिनी गाउँपालिका भर तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "समिति" भन्नाले दफा ३ अन्तर्गत गठन गरिएको समिति सम्झनु पर्छ ।

(ख) "सूचित आदेश" भन्नाले नेपाल राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

३. **समिति गठन गर्ने गाउँपालिकाको अधिकार :** (१) नौबहिनी गाउँ तथा कार्यपालिकाले उचित वा आबश्यक ठहराएमा सूचित आदेशद्वारा सोही आदेशमा तोकिए बमोजिमको कुनै विकास योजना वा विकास कार्यलाई कार्यान्वित गर्न समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गतको प्रत्येक सूचित आदेशद्वारा समितिका काम कर्तव्यहरु तेकिनेछन् र तत्सम्बन्धी अरु विषयहरुको पनि ब्यबस्था हुन सक्नेछ ।

(३) समितिमा नौबहिनी गाउँपालिका गााउँपालिका कार्यपालिकाले नियुक्त गरे बमोजिमको व्यक्तिहरु रहनेछन् र सो समिति गठन गर्दा आदेशमा तोके बमोजिमको नामले प्रचलित हुनेछ ।

४. **समितिहरुलाई संस्था मान्ने :** दफा (३) अन्तर्गत गठन भएको प्रत्येक समिति अविछिन्न उत्तराधिकारवाला संस्था (कर्पोरेट बडी) हुनेछ र त्यस समिति जिम्माको सबै कामका निमित्त एउटै छाप हुनेछ र व्यक्ति सरह चल अचल सम्पत्ति लेनदेन गर्ने तथा राख्ने त्यस समितिलार्य अधिकार हुनेछ । सो समितिले व्यक्ति सरह नालेस गर्न र निज उपर पनि व्यक्ति सरह नालेस उजूर लाग्न सक्दछ ।

५. **समितिको कोष :** (१) दफा (३) अन्तर्गत गठन गरिएको समितिको कोषमा देहायका कुरा सम्मिलित हुनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा अरु कुनै गैर सरकारी व्यक्तिले प्रदान गरेको रुपैयाँ, र

(ख) कुनै विदेशी एजेन्सीले नेपाल सरकारद्वारा दिएको कोष ।

(ग) नौबहिनी गाउँपालिकाले प्रदान गरेको रकम

(२) समिति गठन गर्नको निमित्त निकालिएको आदेशमा तोकिएका काममा कार्यक्रमहरु कार्यान्वित गर्नको निमित्त समितिको रुपैयाँ र कोष उपयोग गरिनेछ ।

(३) समितिले आफूले बनाएको नियममा तोकिएको कार्यक्रम र कार्यप्रणाली बमोजिम काम गर्नेछ र सोही बमोजिम हिसाव किताब पनि राख्नेछ । तर दफा ३ अन्तर्गत समिति गठन गर्नको निमित्त निकास लिएको आदेशमा लेखिएमा समितिले बनाएका ती नियममा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

६. **समितिका कर्मर्चचारीहरु :**(१) समितिको कामहरु सुचारुरुपले चलाउनको निमित्त आबश्यकतानुसार गाउँपालिकाले कर्मचारीहरु खटाउन सक्नेछ ।

(२) नेपाल सरकार वा अरु कुनै विदेशी एजेन्सीका स्थायी अधिकृतहरुको सेवा केही समयको लागि स्वीकार गर्नु समितिको निमित्त कानूनी मान्यता हुनेछ र समितिको काम काज गर्दा त्यस्ता अधिकृतहरु समितिको प्रशासकीय नियन्त्रणमा रहनेछन् ।

७. **आदेशेश नियम जारी गर्ने गाउँपालिकाको अधिकार :** समितिको काम कारवाईको विषयमा गाउँपालिकाले समय समयमा नियम वा आदेश जारी गर्न सक्नेछ र त्यस्ता नियम वा आदेशहरु पालन गर्नु त्यस समतिको कर्तव्य हुनेछ ।

८. **समितिको बिघटन :** (१) समितिले कार्यान्वित गर्न लागेको कुनै बिकास योजना वा बिकास कार्य गाउँपालिकाले नै वढि मात्रामा सुचारुरुपले कार्यान्वित गर्न सक्तछ भन्ने वा त्यसको काम पूरा भैसकेको छ भन्ने गाउँपालिकाललाई लागेमा गाउँपालिकाले सूचित आदेशद्वारा समितिलाई बिघटन गर्न सक्नेछ ।

(२) समिति बिघटन भएको खण्डमा :–

(क) समितिको सबै हक जायजात र ऋण गाउँपालिकालको हुनेछ ।

(ख) समितिसँग लिएका सबै ठेक्काहरु गाउँपालिकालसँग लिईएका मानिनेछन् ।